I·C·A·C

INDEPENDENT COMMISSION AGAINST CORRUPTION

NEW SOUTH WALES

# साक्षी सम्पर्क अधिकारी

## साक्षी सम्पर्क अधिकारी भनेको के हो?

भ्रष्टाचार विरुद्ध स्वतन्त्र आयोग न्यू साउथ वेल्स (“आयोग”) मा अब एक साक्षी सम्पर्क अधिकारी छ। साक्षी सम्पर्क अधिकारीको भूमिका साक्षीहरूको कल्याण आवश्यकताहरूको ख्याल राख्नु हो। साक्षी सम्पर्क अधिकारी एक योग्य सामाजिक कार्यकर्ता हुन् जसले अपराधका पीडितहरू, साक्षीहरू र घरेलु तथा पारिवारिक हिंसा, यौन दुर्व्यवहार, र हत्या/मानवहत्याको सुनुवाइ प्रक्रियामा संलग्न परिवारका सदस्यहरूसँग काम गर्ने अनुभव राख्छन्।

## साक्षी सम्पर्क अधिकारीले मलाई साक्षीको रूपमा कसरी मद्दत गर्न सक्छन्?

साक्षी सम्पर्क अधिकारीले आयोगका अधिकारीहरूबाट साक्षीहरूलाई सहयोग प्रदान गर्न अनुरोधहरू प्राप्त गर्छन्। साक्षी सम्पर्क अधिकारी साक्षीको कल्याणको मूल्याङ्कन गर्न र ती आवश्यकताहरू पूरा गर्न निम्ति संलग्नता योजना बनाउन साक्षीलाई सम्पर्क गर्नेछन्। साक्षी सम्पर्क अधिकारीले प्रमाणहरू छलफल गर्दैनन्, कानूनी सल्लाह दिँदैनन्, वा साक्षीहरूलाई निरन्तर परामर्श प्रदान गर्दैनन्।

## मैले साक्षीको रूपमा कस्तो महसुस गर्नुपर्छ?

साक्षीको रूपमा, तपाईँ आयोगका अधिकारीहरूद्वारा अन्तर्वार्ता लिएको वा अदालती बुलावा (समन) प्राप्त गर्दाको अनुभवबाट प्रभावित हुन सक्नुहुन्छ।
साक्षीहरूले सामान्य प्रभावहरू भएको जानकारी दिन्छन् जस्तै:

- तनावगर्स्त र चिन्तित हुनु
- सुत्न गाहर्ो हुनु
- ध्यान केन्दिर्त गर्न समस्या हुनु।

## म साक्षीको रूपमा कुन सहयोग र स्रोतहरू पहुँच गर्न सक्छु?

साक्षी सम्पर्क अधिकारीले साक्षीहरूको मानसिक कल्याण आवश्यकताहरू पूरा गर्न बाह्य सहायता सेवाहरूमा सिफारिस गर्न सक्छन्। उक्त सहायता सेवाले साक्षीलाई परामर्श सहायता प्रदान गर्न भेटघाटको व्यवस्था गर्नेछ। आयोगले छवटा सहायता सत्रहरूको खर्च व्यहोर्नेछ र आवश्यकताअनुसार थप सत्रहरूको खर्च पनि व्यहोर्न सक्छ।

### अन्य सहायता प्रदायकहरूमा निम्न समावेश छन्:

**लाइफलाइन:** टेलिफोन १३ ११ १४

**बियोन्ड ब्लू:** टेलिफोन १३०० २२४ ६३६

साक्षी सम्पर्क र सहायता सम्बन्धी थप जानकारीको लागि, कृपया साक्षी सम्पर्क अधिकारीलाई (०२) ८२८१-५९९९ मा सम्पर्क गर्नुहोस् वा witnessliaison@icac.nsw.gov.au मा इमेल गर्नुहोस्।